

SAVING LIVES
CHANGING LIVES

# कोभिड-१९ प्रतिकार्यमा राष्ट्रिय लजिस्टिक क्लस्टरको साझा सेवाहरु

नेपाल सरकार, गृह मन्त्रालयको नेतृत्व तथा विश्व खाद्य कार्यक्रम (WFP) को सह-नेतृत्वमा रहेको राष्ट्रिय लजिस्टिक क्लस्टरले हाल COVID-19 बाट सृजित संकटको समयमा गरिने प्रतिकार्यमा संग्लन मानवीय संघ-संस्थाहरुलाई COVID-19 सम्बन्धित चिकित्सा सर-समानहरुको ढुवानी तथा भण्डारण सेवाहरु प्रदान गरिरहेको छ । राष्ट्रिय बन्दाबन्दीका कारण चिकित्सा सर-समान भण्डारण तथा ढुवानीमा देखिएका अवरोधहरुको समाधान गर्न तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाली सेनाको आपूर्ति श्रृंखला क्षमता अभिवृद्धि गर्नका लागि यी सेवाहरु प्रदान गरिने छ । यी सेवाहरु का बारे मा संक्षेपमा तल उल्लेख गरिएको छ। थप जानकारीको लागि, कृपया यो वेबसाईट हेर्नुहोस। https://logcluster.org/countries/NPL

यी ढुवानी तथा भण्डारण सेवाहरुको उद्देश्य भनेको मानवीय संघ-संस्थाहरु र नेपाल सरकारलाई COVID-19 को संक्रमण रोकथाम, नियन्त्रण र उपचारको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके अनुसारको औषधी, चिकित्सा सर-समान र उपकरणहरु, अस्पताल र प्राथमिक स्वास्थ्य संस्थाहरुसम्म सहज आपूर्ति श्रृंखला स्थापना गर्न सहयोग प्रदान गर्ने हो । यी सेवाहरु, प्रतिकार्यमा संलग्न संघ-संस्थाहरुको लजिस्टिक क्षमता प्रतिस्थापन गर्न वा व्यवसायिक बजारसँग प्रतिस्पर्धाको लागि लक्षित गरिएको होइन । निजी क्षेत्र तथा सेवा प्रदायकहरु सीमित भएकाले, हालको बन्दाबन्दीको अवस्थाले सेवा दिन असमर्थ भैरहेका छन् भने त्यस्तो अवस्थामा अन्तिम विकल्पको रुपमा यी सेवाहरु तात्कालिक आवश्यक्ता पहिचान गरी प्रदान गरिने छन् । यी सेवाहरु हाललाई १ जुलाई २०२० सम्म उपलब्ध गराईएको छ तर स्रोत उपलब्धताको आधारमा यसलाई निरन्तरता दिन गर्न सकिन्छ ।

## १. साझा सेवाहरु :

### १.१ भण्डारण सेवाहरु :

काठमाण्डौ, नेपालगन्ज र धनगढी स्थित मानवीय सहायता स्थल (HSA) मा भण्डारणको सुविधा प्रदान गरिनेछ । यसका अतिरिक्त, काठमाण्डौमा भण्डारणको लागि ६ वटा घुम्ती भण्डारण इकाई (MSU) साथै प्रदेश स्तरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाली सेना, प्रादेशिक आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा प्रमुख जिल्ला अधिकारीहरुको साझेदारीमा, COVID-19 सम्बन्धि चिकित्सा सामग्रीहरुको भण्डारण, प्राप्ति एवं स्वास्थ्य संस्थाहरुसम्म ढुवानी सहजीकरण सेवा प्रदान गरिनेछ ।

### १.२ ढुवानी सेवाहरु :

ढुवानी सेवाहरु काठमाण्डौ स्थित मानवीय सहायता स्थल (HSA) बाट सातवटै प्रादेशिक राजधानीसम्म तथा प्रादेशिक राजधानी एवं नेपालगन्ज र धनगढीमा अवस्थित मानविय सहायता स्थल (HSA) देखि सातवटै प्रदेशका जिल्ला सदरमुकामसम्म प्रदान गरिने छ ।

## २. लजिस्टिक समन्वय तथा सूचना व्यवस्थापन :

लजिस्टिक क्लस्टरद्वारा प्रदान गरिने साझा सेवाहरुमा पूर्ण रुपमा पँहुच र प्रयोग सुनिश्चित गर्न एवम संघीय तथा प्रादेशिक अधिकारीहरुलाई अद्यावधिक लजिस्टिक सूचनाहरु प्रदान गर्नको निमित्त काठमाडौँमा तथा प्रादेशिक राजधानी अवस्थित सोही कार्यमा समर्पित सहयोगी संस्थाहरुसँग समन्वय गरिनेछ ।

त्यस्तै लजिस्टिक कार्यन्वयन सम्बन्धि सुचनाहरु जस्तै भन्सारका निर्देशनहरु, अन्तर्राष्ट्रिय कार्गो उडानका सूचनाहरु, यातायात अनुमति प्रक्रिया, निश्चित कार्य संचालन विधिहरु, बैठकका निर्णयहरु तथा भण्डारण र ढुवानीका अद्यावधिक सूचनाहरु इमेल तथा सम्बन्धित वेबपेज मार्फत उपलब्ध गराइने छ । भण्डारण तथा ढुवानी सेवाहरुको प्रयोग सम्बन्धि र यसको कार्यक्षेत्र र सीमितताबारे पूर्ण जानकारीको लागि कृपया कार्य सञ्चालन विधिहरु, कृपया यो लिंक हेर्नुहोस । https://logcluster.org/countries/NPL

## ३. अन्तर्राष्ट्रिय लजिस्टिक क्लस्टर सेवाहरु:

नेपालमा अन्तर्राष्ट्रिय कार्गो ढुवानी सेवा:https://emergency.servicemarketplace.wfp.org/

नेपालमा अन्तर्राष्ट्रिय यात्री आवतजावत गर्नको लागि:https://humanitarianbooking.wfp.org/en/wfp-aviation/

WFP
World Food Programme

2020